# म्याद तामेली निर्देशिका, २०७५

मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा १९७ ले दिएको अधिकार प्रयोग गरी सर्वोच्च अदालतले देहायबमोजिमको निर्देशिका बनाई लागू गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "म्याद तामेली निर्देशिका, २०७५" रहेको छ।

(२) यो निर्देशिका संवत् २०७५ भदौ १ गतेदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "ऐन" भन्नाले मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ सम्झनु पर्छ।

(ख) "अदालत" भन्नाले सम्बन्धित अदालत सम्झनु पर्छ।

(ग) "नियमावली" भन्नाले मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ सम्झनु पर्छ।

(घ) "म्याद" भन्नाले अदालतबाट जारी भएको पक्राउ पूर्जी वा समाह्वान सम्झनु पर्छ र सो शव्दले मुद्दाका पक्ष, साक्षी वा अन्य कुनै व्यक्तिका नाममा जारी भएको म्याद वा सूचनासमेतलाई जनाउछ।

## परिच्छेद-२

## पक्राउ पूर्जी तथा समाह्वान जारी गर्नेसम्बन्धी

३. **पक्राउ पूर्जी जारी हुने अवस्थाः** (१) नेपाल सरकार वादी भई चलेको देहायका मुद्दामा अभियोगपत्रसाथ उपस्थित नगराईएको फरार प्रतिवादीका नाममा ऐनको दफा ५७ को उपदफा (२) बमोजिम पक्राउ पूर्जी जारी गर्नु पर्नेछः-

(क) जघन्य कसूरसम्बन्धी मुद्दा,

(ख) गम्भीर कसूरसम्बन्धी मुद्दा,

(ग) जघन्य कसूर वा गम्भीर कसूरको उद्योग, दुरुत्साहन वा आपराधिक षडयन्त्र वा मतियार सम्बन्धी मुद्दा,

(घ) खण्ड (क),(ख) वा (ग) मा उल्लिखित कसूरको अभियुक्तलाई लुकाएको वा भगाएको कसूर सम्बन्धी मुद्दा।

(२) ऐनको दफा ५७ को उपदफा (३) को प्रतिवन्धात्मक वाक्यांशबमोजिम अभियुक्त भागी पक्राउ हुन नसक्ने सम्भावना छ भन्ने विश्वास गर्नु पर्ने मनासिब कारण भएको वा म्यादभित्र उपस्थित नहुने प्रतिवादीलाई पक्राउ पूर्जी जारी गर्ने गरी इजलासबाट आदेश भएमा त्यस्तो प्रतिवादीका नाममा पक्राउ पूर्जी जारी गर्नुपर्नेछ।

(३) ऐनको दफा ८७ को उपदफा (१) बमोजिम अदालतमा अनुपस्थित रहेको प्रतिवादीलाई पक्राउ पूर्जी जारी गर्ने गरी इजलासबाट आदेश भएमा त्यस्तो प्रतिवादीको नाममा पक्राउ पूर्जी जारी गर्नु पर्नेछ।

(४) ऐनको अनुसूची-३ मा उल्लिखित मुद्दामा प्रतिवादीका नाममा पक्राउ पूर्जी जारी गर्ने गरी इजलासबाट आदेश भएमा त्यस्ता प्रतिवादीका नाममा पक्राउ पूर्जी जारी गर्नु पर्नेछ।

(५) ऐनको दफा ५७ को उपदफा (४) बमोजिम कुनै लिखत वा दशी, प्रमाण लुकाउने वा नाश गर्ने सम्भावना भई वा म्यादभित्र लिखत वा दशी प्रमाण दाखिला नगर्ने व्यक्तिलाई पक्राउ पूर्जी जारी गर्ने गरी इजलासबाट आदेश भएमा त्यस्तो व्यक्तिको नाममा पक्राउ पूर्जी जारी गर्नु पर्नेछ।

(६) ऐनको दफा ११२ को उपदफा (४) बमोजिम नेपाल सरकार वादी हुने मुद्दामा नबुझी नहुने साक्षीलाई पक्राउ पूर्जी जारी गर्ने गरी इजलासबाट आदेश भएमा त्यस्तो व्यक्तिको नाममा पक्राउ पूर्जी जारी गर्नु पर्नेछ।

४. **समाह्वान जारी हुने अवस्थाः** (१) नेपाल सरकार वादी भई चलेको पक्राउ पूर्जी जारी गर्नु पर्ने मुद्दाबाहेकका मुद्दाका फरार प्रतिवादीका नाममा समाह्वान जारी गर्नु पर्नेछ।

(२) ऐनको अनुसूची- ३ मा उल्लिखित मुद्दामा प्रतिवादीका नाममा समाह्वान जारी गर्ने गरी इजलासबाट आदेश भएमा त्यस्ता प्रतिवादीका नाममा समाह्वान जारी गर्नु पर्नेछ।

(३) ऐनको अनुसूची- ४ मा उल्लिखित मुद्दाका प्रतिवादीका नाममा समाह्वान जारी गर्नु पर्नेछ।

(४) ऐनको दफा १११ बमोजिम एकपटक बुझिएको साक्षीबाट नबुझी नहुने कुरा छुट्न गएको भनी त्यस्तो साक्षीलाई पुनः बुझ्नको लागि समाह्वान जारी गर्ने गरी इजलासबाट आदेश भएमा त्यस्तो साक्षीको नाममा समाह्वान जारी गर्नु पर्नेछ।

(५) ऐनको दफा ११२ को उपदफा (४) बमोजिम नेपाल सरकार वादी हुने मुद्दामा नबुझी नहुने साक्षीलाई समाह्वान जारी गर्ने गरी इजलासबाट आदेश भएमा त्यस्तो साक्षीको नाममा समाह्वान जारी गर्नु पर्नेछ।

(६) नियमावलीको नियम ५६ बमोजिम सहअभियुक्तका नाममा समाह्वान जारी गर्ने गरी आदेश भएमा त्यस्तो अभियुक्तका नाममा समाह्वान जारी गर्नु पर्नेछ।

५. **पक्राउ पूर्जी वा समाह्वान जारी गर्नु पर्ने अवधिः** (१) ऐनको अनुसूची-१ वा अनुसूची- २ मा उल्लिखित मुद्दाका फरार अभियुक्तलाई ऐनको दफा ५७ को उपदफा (२) र दफा ५८ को उपदफा (७) बमोजिम पक्राउ पूर्जी जारी गर्नु पर्दा अभियोगपत्र दर्ता भएको मितिले र ऐनको अनुसूची- ३ वा अनुसूची- ४ बमोजिमका मुद्दाका प्रतिवादीलाई समाह्वान जारी गर्नु पर्दा उजुरीपत्र दर्ता भएको मितिले तीन दिनभित्र स्रेस्तेदार वा रजिस्ट्रारले यथाशीघ्र जारी गर्नु गराउनु पर्नेछ।

(२) इजलासबाट मुद्दामा पक्राउ पूर्जी वा समाह्वान जारी गर्ने गरी आदेश भएकोमा त्यस्तो आदेश भएको मितिले बढीमा तीन दिनभित्र यथाशीघ्र स्रेस्तेदार वा रजिस्ट्रारले पक्राउ पूर्जी वा समाह्वान जारी गर्नु गराउनु पर्नेछ।

६. **पक्राउ पूर्जी जारी गर्नु पर्नेः** (१) स्रेस्तेदार वा रजिस्ट्रारले सात दिने पक्राउ पूर्जी जारी गर्दा पक्राउ गर्नु पर्ने व्यक्ति रहे बसेको वा रहन बस्न सक्ने इलाकाको प्रहरी कार्यालयबाट कार्यान्वयन हुने गरी दुई प्रतिका दरले जारी गर्नु पर्नेछ।

तर अदालतले आवश्यक सम्झेमा अदालतकै कर्मचारीले कार्यान्वयन गर्ने गरी पक्राउ पूर्जी जारी गर्न सक्नेछ।

(२) यस परिच्छेदबमोजिम अभियुक्त वा साक्षीका नाममा पैंतीस दिने पक्राउ पूर्जी जारी गर्दा निजको पूरा नाम र ठेगाना तथा पक्राउ गर्नु पर्ने कारण स्पष्ट रुपमा उल्लेख गरी तीन प्रतिका दरले पक्राउ पूर्जी जारी गर्नु पर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम जारी भएको पक्राउ पूर्जीमा सम्बन्धित स्रेस्तेदार वा रजिस्ट्रारले सहीछाप गरी अदालतको छाप लगाउनु पर्नेछ ।

७. **<u>पक्राउ पूर्जीको ढाँचाः</u>** (१) स्रेस्तेदार वा रजिस्ट्रारले प्रहरी कार्यालय वा अदालतको कर्मचारीबाट कार्यान्वयन हुने गरी अभियुक्तको नाममा सात दिने पक्राउ पूर्जी जारी गर्दा ऐनको अनुसूची-२३ बमोजिमको ढाँचामा तथा साक्षी र अन्य व्यक्तिको नाममा पक्राउ पूर्जी जारी गर्दा ऐनको अनुसूची-२४ बमोजिमको ढाँचामा जारी गर्नु पर्नेछ।

(२) स्रेस्तेदार वा रजिस्ट्रारले अभियुक्त वा साक्षीको नाममा पैंतीस दिने पक्राउ पूर्जी जारी गर्दा ऐनको अनुसूची-२५ बमोजिमको ढाँचामा जारी गर्नु पर्नेछ।

८. **<u>समाह्वान जारी गर्नु पर्नेः</u>** (१) स्रेस्तेदार वा रजिस्ट्रारले यस परिच्छेदबमोजिम समाह्वान जारी गर्दा समाह्वान जारी गर्नु पर्ने व्यक्तिको पूरा नाम र ठेगाना तथा समाह्वान जारी गर्नु पर्ने कारण स्पष्ट रूपमा उल्लेख गरी तीन प्रतिका दरले समाह्वान जारी गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम जारी भएको समाह्वानमा सम्बन्धित स्रेस्तेदार वा रजिस्ट्रारले सहीछाप गरी अदालतको छाप लगाउनु पर्नेछ।

९. **<u>समाह्वानको ढाँचाः</u>** (१) स्रेस्तेदार वा रजिस्ट्रारले ऐनको अनुसूची-३ वा अनुसूची-४ मा उल्लिखित कसूरसम्बन्धी मुद्दाको प्रतिवादीको नाममा समाह्वान जारी गर्दा ऐनको अनुसूची-२७ बमोजिमको ढाँचामा जारी गर्नु पर्नेछ।

(२) उपदफा (१) मा उल्लिखित मुद्दाबाहेकका अन्य मुद्दाका अभियुक्तका नाममा स्रेस्तेदार वा रजिस्ट्रारले समाह्वान जारी गर्दा ऐनको अनुसूची-२६ बमोजिमको ढाँचामा जारी गर्नु पर्नेछ।

(३) स्रेस्तेदार वा रजिस्ट्रारले साक्षीका नाममा समाह्वान जारी गर्दा ऐनको अनुसूची-२८ बमोजिमको ढाँचामा जारी गर्नु पर्नेछ।

१०. **<u>समाह्वान वा पक्राउ पूर्जीसम्बन्धी सूचना जारी गर्नेः</u>** स्रेस्तेदार वा रजिस्ट्रारले पक्राउ पूर्जी वा समाह्वान जारी गर्दा सोही बखत ऐनको दफा ५७ को उपदफा (७) तथा अनुसूची-२२ बमोजिमको ढाँचामा दुईप्रति सूचना समेत जारी गर्नु पर्नेछ।

## परिच्छेद-३
## <u>पक्राउ पूर्जी तामेलीसम्बन्धी</u>

११. **<u>पक्राउ पूर्जी तामेल गर्न पठाउनेः</u>** (१) अदालतबाट पक्राउ पूर्जी जारी भएपछि अविलम्ब त्यस्तो पक्राउ पूर्जी तामेल गरी पठाउनु भनी सम्बन्धित प्रहरी कार्यालयलाई अदालतबाट जारी भएको दुई प्रति पक्राउ पूर्जी जारी भएको सूचना तथा दुई प्रति सात दिने पक्राउ पूर्जी र तीन प्रति पैंतीस दिने पक्राउ पूर्जीसमेत पठाउनु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अदालतको कुनै कर्मचारीले कार्यान्वयन गर्ने गरी पक्राउ पूर्जी जारी गरिएको रहेछ भने अविलम्ब पक्राउ पूर्जी तामेल गरी ल्याउन त्यसरी जारी भएको सूचना तथा पक्राउ पूर्जीहरु म्याद तामेली शाखामा बुझाइदिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम पक्राउ पूर्जी जारी भएको सूचना, सात दिने पक्राउ पूर्जी र पैंतीस दिने पक्राउ पूर्जी प्राप्त भएपछि सम्बन्धित प्रहरी कार्यालयले अविलम्ब प्रहरी कर्मचारी खटाई त्यस्तो पक्राउ पूर्जी तामेल गर्नु गराउनु पर्नेछ।

(४) उपदफा (२) बमोजिम पक्राउ पूर्जी जारी भएको सूचना, सात दिने पक्राउ पूर्जी र पैंतीस दिने पक्राउ पूर्जी प्राप्त भएपछि म्याद तामेली शाखाले अविलम्ब कर्मचारी खटाई त्यस्तो पक्राउ पूर्जी तामेल गराउनु पर्नेछ।

१२. **पक्राउ गर्नु पर्नेः** (१) पक्राउ पूर्जी जारी भएको व्यक्ति जहाँसुकै फेला परेमा प्रहरी वा अदालतको कर्मचारीले निजलाई सात दिने पक्राउ पूर्जी र पक्राउ पूर्जी जारी भएको सूचना समेत दिई तत्काल पक्राउ गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पक्राउ गरिएको व्यक्तिलाई बाटोको म्याद बाहेक चौबीस घण्टामा नबढाई यथासम्भव चाँडो सम्बन्धित अदालतमा उपस्थित गराउनु पर्नेछ।

१३. **पक्राउ पूर्जी तामेल गर्नेः** (१) पक्राउ पूर्जी जारी भएको व्यक्ति सात दिनभित्र फेला नपरेमा सम्बन्धित प्रहरी कार्यालय वा कर्मचारीले निजको खोजी गर्दै रही त्यस्तो व्यक्ति रहे बसेको घर ठेगानामा गई निजको नाउँमा जारी भएको पैंतीस दिने पक्राउ पूर्जीको एकप्रति निजको एकाघरको अठार वर्ष उमेर पुगेको व्यक्तिलाई बुझाई तामेल गर्नु पर्नेछ।

(२) पक्राउ पूर्जी जारी भएको व्यक्तिको एकाघरको व्यक्ति फेला नपरेमा वा निजले त्यस्तो पक्राउ पूर्जी बुझी नलिएमा एकप्रति पक्राउ पूर्जी निजको घर दैलोमा टाँस गरी तामेल गर्नु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम पक्राउ पूर्जी तामेल गर्दा स्थानीय तहको सम्बन्धित वडा समितिका सदस्य उपलब्ध भए निज र निज उपलब्ध नभए कम्तीमा दुई जना स्थानीय व्यक्ति रोहवरमा राखी सहिछाप गराउनु पर्नेछ।

(४) उपदफा (२) बमोजिम सम्बन्धित व्यक्ति रहे बसेको घर दैलोमा पक्राउ पूर्जी टाँस गरेको पूर्जीको एक प्रति स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा समेत बुझाउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम पक्राउ पूर्जी बुझाएकोमा स्थानीय तहको सम्बन्धित वडा कार्यालयले त्यस्तो पक्राउ पूर्जी प्राप्त भएपछि सम्बन्धित व्यक्तिलाई त्यसको जानकारी गराई आफ्नो सूचना पाटीमा समेत टाँस गर्नु पर्नेछ।

(६) उपदफा (१) वा (२) बमोजिम तामेल गरेको पक्राउ पूर्जीको एक प्रति र स्थानीय तहको सम्बन्धित वडा कार्यालयको सूचना पाटीमा टाँस गर्ने गरी पक्राउ पूर्जी बुझाएको भर्पाई मिसिल सामेल राख्नु पर्नेछ।

(७) यस दफा बमोजिम पक्राउ पूर्जी तामेल गर्दा पक्राउ पूर्जीको साथसाथै पक्राउ पूर्जी जारी गरेको सूचना समेत एकाघरको व्यक्तिलाई बुझाउनु वा टाँस्नु पर्नेछ।

(८) पक्राउ पूर्जी तामेल गर्न खटिएको प्रहरी वा कर्मचारीले पक्राउ पूर्जी तामेल गरी नियमावलीको अनुसूची-१२ बमोजिमको ढाँचामा प्रतिवेदन पेश गर्नु पर्नेछ।

१४. **पक्राउ पूर्जी बदर गर्नेः** पक्राउ पुर्जी जारी गरिएको व्यक्ति पक्राउ पर्नुभन्दा अगावै आफैं अदालतमा उपस्थित भएमा स्रेस्तेदार वा रजिस्ट्रारले निजको नाममा पहिले जारी भएको पक्राउ पुर्जी बदर गरी सम्बन्धित प्रहरी कार्यालय वा कर्मचारीलाई त्यसको जानकारी दिनु पर्नेछ।

१५. **सम्बन्धित जिल्लाको जिल्ला अदालतमा पक्राउ पूर्जी पठाउनेः** (१) पक्राउ पूर्जी जारी भएको व्यक्ति निजको ठेगानाबाहेक अन्य कुनै जिल्लामा गई बसेको छ भन्ने पक्षको निवेदन वा अन्य कुनै

माध्यमबाट अदालतलाई जानकारी भएमा अदालतले निज रहे बसेको जिल्लाको जिल्ला अदालतमा पक्राउ पूर्जी पठाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम पक्राउ पूर्जी प्राप्त भएमा सम्बन्धित अदालतले सम्बन्धित प्रहरी कार्यालय वा कर्मचारीमार्फत त्यस्तो पक्राउ पूर्जी तामेल गराई सोको प्रतिवेदन सम्बन्धित अदालतमा पठाउनु पर्नेछ।

१६. **<u>राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नेः</u>** (१) अदालतबाट पक्राउ पूर्जी जारी भएको फरार अभियुक्तको यकिन वतन खुल्न नसकेमा वा अभियुक्त रहे बसेको ठाउँ पत्ता नलागेमा अदालतले त्यस्तो अभियुक्तको नाम, थर सहित हुलिया दिई कुनै राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गरी सम्बन्धित अदालतको सूचना पाटीमा टाँस्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशन भएपछि त्यस्तो अभियुक्तले रीतपूर्वक पक्राउ पूर्जीको सूचना पाएको मानिनेछ र निजलाई जुनसुकै प्रहरी कार्यालय वा कर्मचारीले जुनसुकै बखत पक्राउ गरी दाखेल गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गर्दा लाग्ने खर्च वादी पक्षले बेहोर्नु पर्नेछ।

१७. **<u>पक्राउ पूर्जी फिर्ता गर्नु पर्नेः</u>** पक्राउ पूर्जी जारी भएको व्यक्तिको बसोबास पक्राउ पूर्जीमा लेखिएको ठेगानामा नभएको भनी त्यस्तो ठाउँमा बसोबास गर्ने कम्तीमा दुई जना व्यक्तिहरु र स्थानीय तहको सम्बन्धित वडा समितिको कम्तीमा एक जना सदस्यले प्रमाणित गरेमा त्यस्तो व्यक्ति बसोबास भएको ठाउँ खुल्न सक्ने भए निजहरूलाई खुलाउन लगाई र खुल्न नसक्ने भए सोही व्यहोरा जनाई सम्बन्धित प्रहरी वा कर्मचारीले तामेल गर्न बुझिलिएको पक्राउ पूर्जी र पक्राउ पूर्जी जारी गरेको सूचना अदालतमा फिर्ता बुझाइ दिनु पर्नेछ।

१८. **<u>अर्को पक्राउ पूर्जी जारी गर्नु पर्नेः</u>** (१) दफा १७ बमोजिम पक्राउ पूर्जी फिर्ता भएकोमा अदालतले निज बसोबास गरेको ठेगानामा वा त्यस्तो ठेगाना नखुलेको भए वादी पक्षलाई खुलाउन मौका दिई खुली आएमा आवश्यकताअनुसार अर्को पक्राउ पूर्जी जारी गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम जारी भएको पक्राउ पूर्जी यसै परिच्छेदबमोजिम तामेल गर्नु पर्नेछ।

## परिच्छेद-४

## <u>समाह्वान तामेलीसम्बन्धी व्यवस्था</u>

१९. **<u>समाह्वान तामेल गर्न पठाउनेः</u>** समाह्वान तामेल गर्न पठाउँदा समाह्वान जारी गरेको सूचना र तीन प्रति समाह्वान दिई अदालतको कर्मचारी, प्रहरी कर्मचारी वा अदालतले तोकेको अन्य सरकारी कार्यालयद्वारा तामेल गर्ने गरी पठाउनु पर्नेछ।

२०. **<u>समाह्वान तामेल गर्नेः</u>** (१) समाह्वान तामेल गर्दा जुन व्यक्तिको नाममा जारी भएको हो यथासम्भव सोही व्यक्तिलाई त्यस्तो समाह्वानको साथसाथै सामाह्वान जारी भएको सूचना बुझाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम समाह्वान बुझाउन जाँदा सम्बन्धित व्यक्ति फेला नपरेमा वा फेला परे पनि निजले बुझी नलिएमा निजको एकाघरको कम्तीमा अठार वर्ष उमेर पुगेको कुनै व्यक्तिलाई बुझाउन सकिनेछ।

(३) समाह्वान जारी भएको व्यक्ति वा निजको एकाघरको व्यक्ति फेला नपरेमा वा निजले त्यस्तो समाह्वान बुझी नलिएमा त्यस्तो एकप्रति समाह्वान निजको घर दैलोमा टाँस गरी तामेल गर्नु पर्नेछ।

(४) यस दफाबमोजिम समाह्वान तामेल गर्दा स्थानीय तहको स्थानीय तहको सम्बन्धित वडा समितिका सदस्य उपलब्ध भए निज र निज उपलब्ध नभए कम्तीमा दुई जना स्थानीय व्यक्ति रोहवरमा राखी सहिछाप गराउनु पर्नेछ।

तर समाह्वान तामेल गर्न गएको प्रहरी वा कर्मचारीले समाह्वान जारी भएको व्यक्तिलाई चिनेको भए सो कुरा उल्लेख गरी निजलाई जहाँसुकै फेला पारे पनि समाह्वान बुझाउन सक्नेछ।

(५) उपदफा (३) बमोजिम सम्बन्धित व्यक्ति रहे बसेको घरमा टाँस गरेको समाह्वानको एक प्रति स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा समेत बुझाउनु पर्नेछ।

(६) उपदफा (५) बमोजिम समाह्वान बुझाएकोमा स्थानीय तहको सम्बन्धित वडा कार्यालयले त्यस्तो समाह्वान प्राप्त भएपछि सम्बन्धित व्यक्तिलाई त्यसको जानकारी गराई आफ्नो सूचना पाटीमा समेत टाँस गर्नु पर्नेछ।

(७) यस दफाबमोजिम तामेल गरेको समाह्वानको एक प्रति र स्थानीय तहको सम्बन्धित वडा कार्यालयको सूचना पाटीमा टाँस गर्ने गरी समाह्वान बुझाएको भर्पाई मिसिल सामेल राख्नु पर्नेछ।

(८) यस दफाबमोजिम समाह्वान तामेल गर्दा समाह्वानको साथसाथै समाह्वान जारी गरेको सूचना समेत बुझाउनु वा टाँस्नु पर्नेछ।

(९) समाह्वान तामेल गर्न खटिएको प्रहरी वा कर्मचारीले समाह्वान तामेल गरी नियमावलीको अनुसूची-१२ बमोजिमको ढाँचामा प्रतिवेदन पेश गर्नु पर्नेछ।

२१. **नेपाल सरकार वा कुनै सङ्गठित संस्थाको पदाधिकारी वा कर्मचारीका नाममा समाह्वान तामेलीः** (१) नेपाल सरकार वा कुनै सङ्गठित संस्थाको पदाधिकारी वा कर्मचारीका नाममा समाह्वान तामेल गर्नु परेमा त्यस्तो पदाधिकारी वा कर्मचारी बहाल रहेको कार्यालयमा तामेल गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम कुनै समाह्वान तामेल गर्न पठाएकोमा त्यस्तो कार्यालय वा संस्थाको तत्काल उपलब्ध भएको प्रमुखले एक प्रति समाह्वान सम्बन्धित पदाधिकारी वा कर्मचारीलाई बुझाई अर्को प्रतिमा तामेलीको व्यहोरा र मिति जनाई सम्भव भएमा सम्बन्धित पदाधिकारी वा कर्मचारीको सहीछाप गराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम समाह्वान तामेल गर्दा त्यस्तो पदाधिकारी वा कर्मचारी बिदामा रहेकोमा सम्बन्धित कार्यालय वा संस्थाले यथाशीघ्र त्यस्तो कर्मचारीलाई त्यसरी समाह्वान तामेल भएको व्यहोराको सूचना दिनु पर्नेछ।

(४) उपदफा (२) बमोजिम समाह्वान तामेल हुन नसकेमा सम्बन्धित कार्यालय वा संस्थाको सूचना पाटीमा त्यस्तो समाह्वान टाँसी दिनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम सूचना पाटीमा समाह्वान टाँसिएको प्रतिवेदन सम्बन्धित कार्यालयले अदालतमा पठाई दिनु पर्नेछ।

२२. **संगठित संस्थाको नाममा समाह्वान तामेलीः** (१) कुनै सङ्गठित संस्थाको नाममा समाह्वान तामेल गर्नु परेमा तामेल गर्ने कर्मचारीले त्यस्तो समाह्वानको एक प्रति त्यस्तो संस्थाको प्रधान कार्यालय वा स्थानीय कार्यालयमा बुझाई सोको भरपाई अदालतमा बुझाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम स्थानीय कार्यालयमा समाह्वान तामेल भएकोमा सो समाह्वान त्यस्तो संस्थाको प्रधान कार्यालयमा तामेल भएको मानिनेछ।

(३) यस दफाबमोजिम समाह्वान तामेल गर्दा तामेल भएको मिति र व्यहोरा उल्लेख गरी तामेल गर्ने कर्मचारीले अदालतमा प्रतिवेदन दिनु पर्नेछ ।

२३. **अर्को जिल्लामा समाह्वान पठाउनेः** (१) अर्को जिल्लामा बसोबास गर्ने व्यक्तिलाई समाह्वान तामेल गर्नु पर्दा वा समाह्वान जारी भएको व्यक्ति अन्य कुनै जिल्लामा गई बसेको छ भन्ने पक्षको निवेदन वा अन्य कुनै माध्यमबाट अदालतलाई जानकारी भएमा अदालतले निज रहे बसेको जिल्लाको जिल्ला अदालतमा समाह्वान पठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम समाह्वान प्राप्त भएमा त्यस्तो अदालतले प्रहरी वा कर्मचारीमार्फत यसै परिच्छेदबमोजिम त्यस्तो समाह्वान तामेल गरी सोको प्रतिवेदन सम्बन्धित अदालतमा पठाउनु पर्नेछ।

२४. **समाह्वान फिर्ता गर्नु पर्नेः** समाह्वान जारी भएको व्यक्तिको बसोबास समाह्वानमा लेखिएको ठेगानामा नभएको भनी त्यस्तो ठाउँमा बसोबास गर्ने कम्तीमा दुई जना व्यक्तिहरु र स्थानीय तहको सम्बन्धित वडा समितिको कम्तीमा एक जना सदस्यले प्रमाणित गरेमा त्यस्तो व्यक्ति बसोबास भएको ठाउँ खुल्न सक्ने भए निजहरुलाई खुलाउन लगाई र खुल्न नसक्ने भए सोही बेहोरा जनाई प्रहरी वा कर्मचारीले तामेल गर्न बुझिलिएको समाह्वान र समाह्वान जारी गरेको सूचना अदालतमा फिर्ता बुझाइदिनु पर्नेछ ।

२५. **छापा वा विद्युतीय सञ्चार माध्यमबाट समाह्वान तामेल गर्न सकिनेः** (१) दफा २०, २१, २२ र २३ बमोजिम समाह्वान तामेल हुन नसकेमा राष्ट्रिय दैनिक पत्रिकामा समाह्वानको व्यहोरा प्रकाशन गरी वा विद्युतिय सञ्चार माध्यमबाट प्रशारण गरी तामेल गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशन वा प्रशारण भएपछि समाह्वान रीतपूर्वक तामेल भएको मानिनेछ।

(३) उपदफा (१) बमोजिम समाह्वानको सूचना प्रकाशन वा प्रशारण गर्दा लाग्ने खर्च वादीले व्यहोर्नु पर्नेछ।

(४) कुनै पक्षले समाह्वान बाहेकका अन्य म्याद वा सूचना उपदफा (१) बमोजिम प्रकाशन वा प्रशारण गर्न अनुरोध गरेमा त्यस्तो म्याद वा सूचना प्रकाशन वा प्रशारण गर्दा लाग्ने खर्च त्यसरी अनुरोध गर्ने पक्षले व्यहोर्नु पर्नेछ।

२६. **अर्को समाह्वान जारी गर्नु पर्नेः** (१) दफा २४ बमोजिम समाह्वान फिर्ता भएकोमा अदालतले निज बसोबास गरेको ठेगानामा वा त्यस्तो ठेगाना नखुले वादी पक्षलाई खुलाउन मौका दिई खुली आएमा आवश्यकता अनुसार अर्को समाह्वान जारी गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम जारी भएको समाह्वान यसै परिच्छेद बमोजिम तामेल गर्नु पर्नेछ।

## परिच्छेद-५

## फैसलाको सूचना तथा म्यादसम्बन्धी

२७. **फैसलाको सूचनाः** मुद्दाको कारबाहीमा शुरुदेखि नै संलग्न नरहेको अभियुक्त वा प्रतिवादी, थुना वा कैदमा रहेको अभियुक्त वा एउटा मात्र पक्ष भई एकतर्फी कारबाही भएको मुद्दामा फैसला प्रमाणीकरण भएको मितिले सात दिनभित्र अभियुक्त वा प्रतिवादीलाई अदालतले ऐनको अनुसूची-४४ बमोजिमको ढाँचामा फैसलाको सूचना दिनु पर्नेछ।

२८. **<u>प्रत्यर्थीलाई सूचना दिने</u>**: (१) पुनरावेदन सुन्ने अदालतबाट मुद्दाको सुनुवाई गर्दा पुनरावेदनमा लिइएका जिकिर उपर सुनुवाई गर्नु पर्ने अवस्था देखिएमा प्रत्यर्थीलाई पन्ध्र दिने सूचना दिँदा पुनरावेदन पत्रको प्रतिलिपि सहित अनुसूची-१ बमोजिमको ढाँचामा जारी गर्नु पर्नेछ।

(२) ऐनको दफा १४२ को उपदफा (३) बमोजिम बुझ्नु पर्ने वा कुनै प्रमाण दाखेल गराउनु पर्ने पुनरावेदक वा प्रत्यर्थीलाई झिकाउँदा अनुसूची-२ बमोजिमको ढाँचामा सूचना जारी गर्नु पर्नेछ।

(३) ऐनको दफा १४९ को उपदफा (२) बमोजिम साधक जाँच गर्दा तल्लो अदालतको फैसला परिवर्तन हुन सक्ने भई सम्बन्धित पक्षहरुलाई झिकाउनु परेमा पन्ध्र दिनको म्याद दिई अनुसूची- ३ बमोजिमको ढाँचामा सूचना जारी गर्नु पर्नेछ ।

२९. **<u>मुलतबीको सूचना दिने</u>**: (१) ऐनको दफा ९७ बमोजिम मुद्दा मुलतबी राख्ने गरी आदेश भएकोमा पक्षलाई त्यस्तो आदेशको सूचना दिनु पर्ने भएमा अनुसूची-४ बमोजिमको ढाँचामा सूचना जारी गर्नु पर्नेछ।

(२) ऐनको दफा ९७ को उपदफा (३) बमोजिम मुलतबी रहेको मुद्दा त्यस्तो मुलतबीबाट जगाउन अदालतले तारिख तोकी मुद्दाको पक्षहरुलाई लिखित सूचना दिँदा अनुसूची- ५ बमोजिमको ढाँचामा सूचना जारी गर्नु पर्नेछ।

३०. **<u>सरोकारवालालाई सूचना दिने</u>**: कुनै मुद्दा ऐनको अनुसूची-१ वा अनुसूची-२ मा नपर्ने देखिएको तर कानुनबमोजिम अन्य कुनै मुद्दा चल्न सक्ने देखिएको भनी अदालतबाट ऐनको दफा ४२ बमोजिम आदेश भएमा मुद्दा अन्तिम भएपछि सोको सूचना सरोकारवालालाई दिँदा अनुसूची-६ बमोजिमको ढाँचामा दिनु पर्नेछ।

३१. **<u>सम्पत्ति फुकुवा भएको सूचना दिने</u>**: ऐनको दफा १७९ बमोजिम अदालतले रोक्का रहेको सम्पत्ति फुकुवा गर्दा सम्बन्धित व्यक्तिलाई त्यसको सूचना अनुसूची-७ बमोजिमको ढाँचामा दिनु पर्नेछ।

३२. **<u>बुझ्नुपर्ने व्यक्तिलाई सूचना दिने</u>**: (१) ऐनको दफा १०४ बमोजिम बयान गर्दा मुद्दाको कुनै पक्षले तेस्रो व्यक्तिसमेत संलग्न भई किर्ते वा जालसाजी लिखत खडा गरेको भनी वयान गरेमा र इजलासबाट त्यस्तो तेस्रो व्यक्तिलाई समेत बुझ्ने आदेश भएमा सम्बन्धित व्यक्तिलाई सोको सूचना जारी गर्नु पर्नेछ।

(२) वादी प्रतिवादीको पेटबोलीमा लेखिएको मानिस बुझ्नु पर्ने देखिई इजलासले आदेश गरेमा त्यस्तो व्यक्तिलाई सोको सूचना जारी गर्नु पर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम दिने सूचनाको ढाँचा अनुसूची-८ मा उल्लेख भएबमोजिम हुनेछ।

३३. **<u>समाह्वानसरह तामेल गर्ने</u>**: (१) यस परिच्छेदबमोजिम जारी हुने सूचना र म्याद ऐनको परिच्छेद-६ तथा  यसै निर्देशिका बमोजिम समाह्वानसरह तामेल गर्नु पर्नेछ।

तर अदालतले आदेश दिएमा बाहेक दफा २९, ३०, ३१ र ३२ बमोजिमका म्याद वा सूचना राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नु पर्ने छैन।

(२) उपदफा (१) बमोजिम म्याद वा सूचना तामेल गर्न राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गर्दा लाग्ने खर्च वादीले व्यहोर्नु पर्नेछ।

## परिच्छेद-६
## <u>विविध</u>

३४. **अदालतमा नै म्याद तामेल गर्न सकिने:** (१) अदालतबाट देहायका व्यक्तिका नाममा जारी भएको म्याद वा सूचना त्यस्तो व्यक्तिलाई देहायको अवस्थामा अदालतमा नै बुझाई तामेल गर्न सकिनेछः-

(क) अदालतका कर्मचारी वा पदाधिकारी भए निज हाजिर हुँदा,

(ख) तारिखमा रहेको पक्ष भए तारिखमा उपस्थित हुँदा,

(ग) वारिस भए वारिस भएको मुद्दाको प्रतिनिधित्व गरी उपस्थित हुँदा,

(घ) कानून व्यवसायी भए व्यवसायको सिलसिलामा उपस्थित हुँदा, वा

(ङ) साक्षीको रूपमा उपस्थित भएको व्यक्ति भए सो हैसियतमा उपस्थित हुँदा ।

(२) उपदफा (१) बमोजिमका व्यक्तिका नाममा अदालतबाट जारी भएको म्याद वा सूचना निज सम्बन्धित अदालतमा उपस्थित हुँदाका बखत बुझाउन ल्याएमा निजले बुझिलिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम बुझाउन ल्याउँदा त्यस्तो म्याद वा सूचना निजले बुझिलिन इन्कार गरेमा तामेलदारले त्यस्तो कुराको प्रतिवेदन सम्बन्धित अदालतमा तुरुन्त गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम परेको प्रतिवेदनको व्यहोरा मनासिब देखिएमा त्यस्ता व्यक्तिले निजको नाममा जारी भएको त्यस्तो म्याद वा सूचना नबुझेसम्म इजलासले त्यस्तो व्यक्तिलाई वारिसको हैसियतमा प्रतिनिधित्व गर्न, तारिख लिन, कानून व्यवसाय गर्न वा बकपत्र गर्न रोक लगाउने आदेश गर्नेछ।

३५. **विदेशमा रहेका प्रतिवादीको नामको पक्राउ पूर्जी वा समाह्वान तामेली:** (१) अदालतमा विचाराधीन रहेको मुद्दाको अभियुक्त वा प्रतिवादी विदेशमा रहे बसेको भए त्यस्ता व्यक्तिको नाममा पक्राउ पूर्जी जारी गर्नु पर्दा वा समाह्वान तामेल गर्नु पर्दा पारस्परिक कानून सहायता सम्बन्धी प्रचलित कानून बमोजिम गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम जारी भएको पक्राउ पूर्जी वा समाह्वान तामेल हुन नसकेमा त्यस्तो पक्राउ पूर्जी वा समाह्वान नेपाल सरकारको स्वामित्वमा रहेको राष्ट्रियस्तरको दैनिक समाचारपत्रमा प्रकाशन गरी वा विद्युतीय सञ्चार माध्यममा प्रसारण गरी तामेल गर्न सकिनेछ।

(३) उपदफा (१) बमोजिम पक्राउ पूर्जी जारी भएकोमा वा समाह्वान तामेल भएकोमा रीतपूर्वक जारी भएको वा तामेल भएको मानिनेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस दफाबमोजिम विदेशमा रहे बसेको व्यक्तिको नाममा पक्राउ पूर्जी जारी हुन वा समाह्वान तामेल हुन नसकेकोमा सोही कारणले मात्र मुद्दाको कारबाही र किनारा गर्न बाधा पुगेको मानिने छैन ।

३६. **साक्षीको नाममा समाह्वान जारी गर्ने कार्यविधि:** (१) ऐनको दफा ११२ बमोजिम नबुझी नहुने नेपाल सरकार वादी हुने फौजदारी मुद्दासँग सम्बन्धित साक्षीलाई उपस्थित गराउन वा कुनै लिखत वा दसी प्रमाण दाखिला गराउन समाह्वान जारी गर्दा त्यस्तो साक्षीलाई बढीमा पन्ध्र दिनको म्याद दिई ऐनको अनुसूची-२८ बमोजिमको ढाँचामा समाह्वान जारी गर्नु पर्नेछ।

(२) ऐनको दफा १११ बमोजिम एक पटक वकपत्र गरिसकेको साक्षीबाट पुनं. कुनै कुरा नबुझी नहुने कुनै कुरा छुट्न गई पुनः बुझ्ने गरी आदेश भएमा निजलाई पुनं. समाह्वान जारी गर्दा ऐनको अनुसूची- २८ बमोजिमको ढाँचामा जारी गर्नु पर्नेछ।

३७. **अभिलेख राख्नु पर्ने:** अदालतबाट जारी भएको पक्राउ पूर्जी, समाह्वान, म्याद वा सूचनाको अभिलेख नियमावलीको अनुसूची-११ बमोजिमको ढाँचामा राख्नु पर्नेछ ।

३८. **<u>अपराध संहिताले कायम गरेका म्याद तामेलीसम्बन्धी कसूर र सजायः</u>** (१) अपराध संहिताले म्याद तामेलीका सम्बन्धमा हुन सक्ने देहायका कार्यहरुलाई कसूर कायम गरेको छः-

(क) समाह्वान, इतलायनामा इत्यादिको तामेलीमा वाधा पुऱ्याउने (दफा ७५),

(ख) समाह्वान, इतलायनामा, सूचना वा आदेश नबुझी फर्काउने (दफा ७६),

(ग) समाह्वान, इतलायनामा, सूचना वा आदेश तामेल हुन नदिई छली हिंड्ने (दफा ७७),

(घ) समाह्वान, इतलायनामा इत्यादि च्यात्ने वा उप्काउने (दफा ७८),

(ङ) झुठो तरिकाले म्याद तामेल गर्ने (दफा ७९)।

(२) उपदफा (१) को खण्ड (ङ) मा उल्लिखित कसूर गर्ने व्यक्तिलाई एक वर्षसम्म कैद वा दशहजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय, खण्ड (क) वा (घ) मा उल्लिखित कसूर गर्ने व्यक्तिलाई छ महिनासम्म कैद वा पाँचहजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय र खण्ड (ख) वा (ग) मा उल्लिखित कसूर गर्ने व्यक्तिलाई तीन महिनासम्म कैद वा पाँचहजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ।

अनुसूची- १

(दफा २८ (१) सँग सम्बन्धित)

<u>प्रत्यर्थीलाई दिने सूचनाको ढाँचा</u>

............. अदालत

कोड नं. ----------- मुद्दा नं. ------------------

................................................ <u>पुनरावेदक</u>

वादी/प्रतिवादी

<u>विरुद्ध</u>

................................................ <u>प्रत्यर्थी</u>

वादी/प्रतिवादी

............................. बाट जारी भएको .................... बस्ने ............................ नामको सूचना।

यस अदालतबाट ................................... मा .................................(आदेशको छोटकरी व्यहोरा उल्लेख गर्ने) आदेश भएकोले सो आदेशको प्रतिलिपि संलग्न गरी तपाईको जानकारीको लागि यो सूचना पठाइएको छ। उक्त मुद्दामा आफ्नो सबुत प्रमाण लिई यो सूचना प्राप्त गरेको मितिले १५ दिनभित्र यस अदालतमा तपाई आफैं उपस्थित हुन आउनुहोला वा कानूनबमोजिमको आफ्नो कानून व्यवसायी वा वारेस पठाउनुहोला। अन्यथा यस विषयमा कानूनबमोजिम हुनेछ।

सम्बन्धित अधिकारीको

सहीछापः

अदालतको छाप

मितिः ..........................

अनुसूची- २

(दफा २८ (२) सँग सम्बन्धित)

<u>पुनरावेदक वा प्रत्यर्थीलाई दिने सूचनाको ढाँचा</u>

............. अदालत

कोड नं. ----------- मुद्दा नं. ------------------

................................................... <u>पुनरावेदक</u>

वादी/प्रतिवादी

<u>विरुद्ध</u>

................................................... <u>प्रत्यर्थी</u>

वादी/प्रतिवादी

............................... बाट जारी भएको ..................... बस्ने ............................. नामको सूचना।

यस अदालतबाट मिति .................... मा तपाईलाई झिकाई तारेखमा राख्ने/ तपाईसँग केही बुझ्नु पर्ने/ तपाईबाट देहायको प्रमाण दाखिल गराउने (आदेशको छोटकरी व्यहोरा उल्लेख गर्ने) आदेश भएकोले सो आदेशको प्रतिलिपि संलग्न गरी तपाईको जानकारीको लागि यो सूचना पठाइएको छ। आदेशबमोजिम आफ्नो सबुत प्रमाण लिई यो सूचना प्राप्त गरेको मितिले १५ दिनभित्र यस अदालतमा तपाई आफैं उपस्थित हुन आउनुहोला । अन्यथा यस विषयमा कानूनबमोजिम हुनेछ।

<u>दाखिला गर्नुपर्ने प्रमाणहरु</u>

1= .........................

2= ..........................

3= ...........................

4= ............................

सम्बन्धित अधिकारीको

सहीछापः

अदालतको छाप

मितिः ...........................

अनुसूची- ३

(दफा २८ (३) सँग सम्बन्धित)

**मुद्दाका पक्षहरूलाई दिने सूचनाको ढाँचा**

............. अदालत

कोड नं. ----------- मुद्दा नं. ------------------

.................................................... वादी

विरुद्ध

.................................................... प्रतिवादी

................................ बाट जारी भएको ..................... बस्ने ............................. नामको सूचना।

उपर्युक्त मुद्दामा ................... अदालतबाट भएको मिति ............... को फैसलाबमोजिम यस अदालतमा साधक जाहेर भएकोमा यस अदालतबाट मिति ............. मा ................................(आदेशको छोटकरी व्यहोरा उल्लेख गर्ने) आदेश भएकोले सो आदेशको प्रतिलिपि संलग्न गरी तपाईको जानकारीको लागि यो सूचना पठाइएको छ। उक्त मुद्दामा आफ्नो सबुत प्रमाण लिई यो सूचना प्राप्त गरेको मितिले १५ दिनभित्र यस अदालतमा तपाई आफैं उपस्थित हुन आउनुहोला । अन्यथा यस विषयमा कानूनबमोजिम हुनेछ।

सम्बन्धित अधिकारीको
सहीछापः

अदालतको छाप
मितिः ..........................

अनुसूची- ४

(दफा २९ (१) सँग सम्बन्धित)

**<u>मुद्दा मुलतबी राखेकोमा सम्बन्धित पक्षलाई दिने सूचनाको ढाँचा</u>**

............. अदालत

कोड नं. ----------- मुद्दा नं. ------------------

................................................ <u>वादी/पुनरावेदक</u>

<u>विरुद्ध</u>

................................................ प्रतिवादी/प्रत्यर्थी

............................... बाट जारी भएको ..................... बस्ने .............................. नामको सूचना।

उपर्युक्त मुद्दामा यस अदालतबाट मिति .................... मा मुद्दा मुलतबी राख्ने गरी ..................................... (आदेशको छोटकरी व्यहोरा उल्लेख गर्ने) आदेश भएकोले सो आदेशको प्रतिलिपि संलग्न गरी तपाईको जानकारीको लागि यो सूचना पठाइएको छ।

सम्बन्धित अधिकारीको
सहीछापः

अदालतको छाप
मितिः ..........................

अनुसूची- ५

(दफा २९ (२) सँग सम्बन्धित)

**मुद्दा मुलतबीबाट जगाउने प्रयोजनका लागि पक्षहरूलाई दिने सूचनाको ढाँचा**

............ अदालत

कोड नं. ----------- मुद्दा नं. ------------------

.................................................. वादी/पुनरावेदक

विरुद्ध

.................................................. प्रतिवादी/प्रत्यर्थी

.............................. बाट जारी भएको .................... बस्ने ............................ नामको सूचना।

उपर्युक्त मुद्दामा यस अदालतबाट मिति ................... मा मुद्दा मुलतबी रहेकोमा उक्त मुद्दा मुलतबीबाट जगाउनु पर्ने भएकोले सो प्रयोजनको लागि मिति .................... मा यस अदालतमा आफैं / कानूनबमोजिमको प्रतिनिधिमार्फत उपस्थित हुन आउनुहोला। अन्यथा मुद्दा कानूनबमोजिम कारवाही हुनेछ ।

सम्बन्धित अधिकारीको
सहीछापः

अदालतको छाप
मितिः ..........................

अनुसूची- ६

(दफा ३० सँग सम्बन्धित)

**<u>सरोकारवाला पक्षलाई दिने सूचनाको ढाँचा</u>**

............. अदालत

कोड नं. ----------- मुद्दा नं. ------------------

.................................................. वादी

<u>विरुद्ध</u>

.................................................. प्रतिवादी

................................ बाट जारी भएको ..................... बस्ने ............................. नामको सूचना।

उपर्युक्त मुद्दामा यस अदालतबाट मिति ................... मा प्रस्तुत मुद्दा मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को अनुसूची—१/अनुसूची—२ मा नपर्ने भएको तर कानूनबमोजिम .................................. मुद्दा चल्न सक्ने देखिएको भनी मिति .................... मा फैसला भएकोले सरोकारवाला तपाईलाई मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा ४२ बमोजिम यो सूचना दिइएको छ। यो सूचना प्राप्त भएको मितिले दुई महिनाभित्र मुद्दा सकार गर्न आएमा तपाईलाई वादी पक्ष कायम गरी यसै मुद्दाको मिसिलबाट कानूनबमोजिम कारवाही र किनारा हुनेछ। अन्यथा यस विषयमा तपाईको कुनै उजूरी लाग्ने छैन।

सम्बन्धित अधिकारीको

सहीछापः

अदालतको छाप

मितिः ..........................

अनुसूची- ७

(दफा ३१ सँग सम्बन्धित)

**<u>सम्पत्ति फुकुवा भएकोमा सम्बन्धित व्यक्तिलाई दिने सूचनाको ढाँचा</u>**

............. अदालत

कोड नं. ----------- मुद्दा नं. ------------------

.................................................... वादी/निवेदक

<u>विरुद्ध</u>

.................................................... प्रतिवादी/विपक्षी

.............................. अदालतबाट.......................... बस्ने...................... लाई दिइएको सूचना।

उपर्युक्त मुद्दामा/निवेदनमा यस अदालतबाट मिति .................... मा तपाईको नाममा रहेको देहायको सम्पत्ति रोक्का रहेकोमा यस अदालतको मिति .................. को आदेशबमोजिम उक्त रोक्का रहेको सम्पत्ति फुकुवा गर्ने आदेश भई सम्बन्धित कार्यालय/ निकायलाई जानकारी दिइ सकिएको हुनाले तपाईंलाई यो सूचना दिइएको छ।

<u>फुकुवा भएको सम्पत्तिको विवरण</u>

1= .........................

2= ..........................

3= ...........................

4= ............................

सम्बन्धित अधिकारीको
सहीछापः

अदालतको छाप
मितिः ...........................

अनुसूची- ८

(दफा ३२ सँग सम्बन्धित)

**<u>बुझ्नु पर्ने व्यक्तिलाई दिने सूचनाको ढाँचा</u>**

............. अदालत

कोड नं. ----------- मुद्दा नं. ------------------

.................................................. वादी

<u>विरुद्ध</u>

.................................................. प्रतिवादी

...................... अदालतबाट जारी भएको ........................... बस्ने...................... नामको सूचना ।

उपर्युक्त मुद्दामा तपाईंसँग केही कुरा बुझ्नु पर्ने..................................................(आदेशको छोटकरी व्यहोरा उल्लेख गर्ने) भनी यस अदालतबाट मिति .................. मा आदेश भएकोले यो सूचना जारी गरिएको छ। सम्वत् .............. साल .......... महिना .....गते ...........का दिन बिहान ..... बजे यस अदालतमा कागज गर्न उपस्थित हुन आउनु होला । उपस्थित हुन नआए कानूनबमोजिम हुनेछ ।

सम्बन्धित अधिकारीको
सहीछापः

अदालतको छाप
मितिः ..........................